106. कार्यालय कामकाजमा प्रयोग गरिदैं आएका ASCII फन्टहरु (जस्तैः कान्तिपुर, प्रिति, प्रतिमा ईत्यादी) लाई पूर्ण रुपमा विस्थापित गरी नेपाली युनिकोड अनिवार्य रुपमा लागु गरिनेछ । हस्तलिखित दस्ताबेजहरुको स्थानमा कम्प्युटराइज्ड कागजातहरुको मात्र प्रयोग गरिनेछ ।

107. नगरपालिका विभिन्न सभा तथा सेमिनारहरुमा प्रोजक्टरलाई विस्थापित गरी इन्टरएक्टिभ ह्वाइटबोर्ड (Interactive Whiteboard) को प्रयोगलाई विस्तार गरिनेछ ।

108. डिजिटल नोटिस बोर्ड, LED नोटिसबोर्डको प्रयोग गरी नगरपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ ।

109. Biometric Attendance System ले Manual Attendance System लाई पूर्ण रुपमा विस्थापित गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ ।

110. कार्यालयको गतिविधिहरुलाई निरन्तर सूचना प्रवाह गर्न सामाजिक सञ्जालहरु फेसबुक, ट्विटर, युट्युबमा आधिकारिक एकाउण्ट खोली प्रयोगमा ल्याइनेछ ।

111. Paperless Office को अवधारणालाई लागु गर्न नगरपलिकामा हुने तथा गरिने सम्पूर्ण क्रियाकलापहरुको सफ्ट कपि सूचना तथा अभिलेख केन्द्रमा डिजिटल भण्डारण गरिने व्यवस्था मिलाइनेछ ।

## खानेपानी व्यवस्थापन

112. नगरपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न *एक घर, एक धारा* खानेपानी उपलब्धताको लागि विकासका साझेदारहरुको सहयोग र समन्वयमा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

113. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

114. नगरपालिकाबाट सञ्चालित खानेपानी आयोजनाहरुको अपनत्व बोध गराउन उपभोक्ताहरुको लागत सहभागिता सुनिश्चित गरिनुका साथै मर्मत सम्भार समितिलाई क्रियाशिल गराइनेछ ।

## सार्वजनिक सहकारी निजी साझेदारी

115. बुढिगंगा नगरपालिकाले आ.व. २०७६/०७७ मा विभिन्न विषयक्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ । यसका लागि बुढिगंगा नगरपालिकाले एक समपूरक कोष खडा गर्नेछ ।

## भवन तथा भवन संहिता

116. बुढिगंगा नगरपालिकामा नयाँ निर्माण हुने भवनहरु भवन आचार संहिता मापदण्ड पुरा गरी नगरपालिकाबाट अनुमति लिएर निर्माण गर्नु पर्नेछ । अन्यथा बुढिगंगा नगरपालिकाबाट उपलब्ध गराइने भवन पूर्वाधार सम्बन्धी सेवा सुविधाबाट बञ्चित गराइनेछ ।

117. बुढिगंगा नगरपालिकाबाट स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिनेछ ।

118. विकसित मुलुकमा अपनाइएको भवन संहिता समेतको अनुसरण गरी इन्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवनहरुको निर्माण संहिताको नीतिगत आधार तय गरिनेछ ।

119. नयाँ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र काठको मात्रा कम हुने गरी लागत अनुमान (Design estimate) तयार गरिनेछ ।

120. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ ।

121. खाद्यान्न उत्पादन हुने स्थानहरुमा भवन निर्माण कार्यलाई निरुत्साहन गरिनेछ ।

122. नगरपालिका क्षेत्रमा अनधिकृत रुपमा गरिने प्लटिङ (Plotting) लाई पूर्ण रुपमा निरुत्साहन गरिनेछ ।

123. सहकारी तथा सामुदायिक भवनहरु निर्माणको प्रस्तावनाहरु उपर जनसाङ्ख्यिक अनुपात, आवश्यकता, प्रतिफल र औचित्य समेतलाई मध्यनजर गरी बुढिगंगा नगरपालिकाले पूँजीगत अनुदान उपलब्ध गराउन सक्नेछ ।

## निर्माण इजाजत

124. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधिलाई आवश्यक सशोधन गरी निर्माण व्यवसायीको पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभावरहित प्रतिस्पर्धाको विकास गरिनेछ ।

## जग्गा नापी तथा नक्शा

125. नगरपालिकाबाट बन्ने सार्वजनिक, संस्थागत तथा नीजी भवन संरचनाको नक्शा पास गर्नुपर्ने प्रावधानलाई तुरुन्त लागु गरिनेछ ।

126. साविकदेखि जग्गा भोगचलन गर्दै फिल्ड बुक उतार गरिसकेका तर जग्गा दर्ता गर्न बाँकी रहेकाहरुको लगत संकलन गरी जग्गा दर्ता प्रक्रियालाई सहजीकरण गरिनेछ ।